# प्रदेश राजपत्र

**गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ०७) पोखरा, साउन २२ गते, २०८१ साल (अतिरिक्ताङ्क २१**

## भाग ३

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना**

**अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन (पहिलो संशोधन) कार्यविधि, २०८१**

**प्रस्तावनाः** अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ को दफा २ मा संशोधनः</u>** अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, नीतिगत सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको प्रदेशस्तरीय निर्देशन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको सामाजिक विकास क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, मन्त्रालय - सदस्य

(ङ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश - सदस्य

(छ) अपाङ्गता भएका व्यक्तिहरुको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिमध्ये फरक फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा

कम्तीमा ५ जना महिला सहित १० जना - सदस्य

(ज) अपाङ्गताको क्षेत्रमा कार्य गरी योगदान पुऱ्याएका गण्डकी प्रदेशका व्यक्तिमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(झ) मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख -सदस्य सचिव"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।"

४. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (४) झिकिएको छ ।

आज्ञाले,
तोयनाथ लम्साल
प्रदेश सरकारको निमित्त सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-